# नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि.

NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

केन्द्रीय कार्यालय, बनेपा-८, पुलबजार, काभ्रेपलाञ्चोक

कर्पोरेट कार्यालय, मध्यपुर थिमी-१, भक्तपुर लोकन्थली

फोन : ०१-५९२८१६१, ५९२८१६२

Email: info@nerudemirmire.com.np, Website: www.nerudemirmire.com.np


## उन्नाइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/११ गते**

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८३/०३/१० गते बसेको सञ्चालक समितिको ३९६ औं बैठकको निर्णयले यस वित्तीय संस्थाको उन्नाइसौं वार्षिक साधारण सभा देहायका प्रस्तावहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय, स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

### साधारण सभा हुने मिति, समय र स्थानः

**मितिः** २०८३/०३/३२ गते बिहिबार (तदनुसार १६ जुलाई २०२६)

**समयः** बिहान ११ बजे

**स्थानः** ह्वाइट प्यालेस ब्याङ्क्वेट, मध्यपुर थिमी-३, कौशलटार

### छलफल तथा निर्णयका लागि निर्धारित विषयहरू :

**(क) सामान्य प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/०८२ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा लेखा सम्बन्धी नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथी छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ का लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. स्वतन्त्र सञ्चालक नियुक्ति भएको जानकारी गराउने सम्बन्धमा ।

५. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहमा रिक्त १ जना सञ्चालक पदमा बाँकी अवधिको लागि सञ्चालक समितिले नियुक्त गरेको सञ्चालक अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. वित्तीय संस्थाको पुँजीवृद्धि योजना अनुसार नियामक निकायको स्वीकृति प्राप्त भएको अवस्थामा मात्र जारी गर्ने गरी प्रचलित कानून तथा व्यवस्थाको अधिनमा रही सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम तत्काल कायम रहेको चुक्ता पुँजी रु. १,३९,७७,६४,२७२।८८ (अक्षरेपि एक अर्ब उनान्चालीस करोड सतहत्तर लाख चौसठ्ठी हजार दुई सय बहत्तर रुपैया पैसा अठासी मात्र) को १:०.२५ को अनुपातमा रु. ३४,९४,४१,०६८।२२ (अक्षरेपि चौतीस करोड चौरानब्बे लाख एकचालीस हजार अठसाठ्ठी रुपैयाँ पैसा बाईस मात्र) बराबरको प्रति कित्ता रु. १००/- (अक्षरेपि एकसय मात्र) को ३४,९४,४१०.६८ (चौतीस लाख चौरानब्बे हजार चार सय दश दशमलव छ आठ) कित्ता हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने । साथै उक्त कार्यको लागि सम्बन्धित निकायबाट कुनै फेरबदल वा संशोधन गर्न निर्देशन दिएमा सोही बमोजिम फेरबदल वा संशोधन गर्ने ।

२. संस्थाको प्रबन्धपत्र, नियमावली समसामयिक थप/संशोधन गर्ने ।

३. संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल, थपघट तथा संशोधन गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

४. यस वित्तीय संस्थाले "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्ने/गाभिने वा प्राप्ती गर्ने प्रयोजनको लागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सोका आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने लगायतका सो सम्बन्धी आवश्यक कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**(कम्पनी सचिव)**

### साधारणसभा सम्बन्धी अन्य जानकारी

१. उन्नाइसौं वार्षिक साधारणसभा सम्पन्न गर्ने प्रयोजनका लागि मिति २०८३/०३/१९ गते वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द रहने छ । साथै मिति २०८३/०३/१९ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेडमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र वार्षिक साधारणसभामा भाग लिन सक्नेछन् ।

२. साधारणसभामा भाग लिन इच्छुक शेयरधनी महानुभावले व्यक्तिगत रुपमा पठाईएको सूचना तथा संलग्न प्रवेशपत्र साथै आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः राष्ट्रिय परिचयपत्र वा नागरिकता प्रमाण पत्रको प्रतिलिपि वा सवारी साधन अनुमति पत्र वा आफ्नो परिचय खुल्ने अन्य कागजात) अनिवार्य साथमा लिई आउनु हुन अनुरोध छ ।

३. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यस लघुवित्त वित्तीय संस्थामा रहेको ठेगाना र ईमेलमा वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाईनेछ । साथै उक्त प्रतिवेदन संस्थाको वेबसाईटः www.nerudemirmire.com.np मा पनि हेर्न सकिनेछ । साथै उक्त विवरणहरु संस्थाको कर्पोरेट कार्यालय, मध्यपुर थिमी-१, भक्तपुर लोकन्थलीमा पनि शेयरधनी महानुभावहरुले प्राप्त गर्न सक्नु हुनेछ ।

४. साधारणसभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

५. साधारणसभामा भाग लिनको लागि प्रोक्सी (प्रतिनिधि) मुकर्रर गर्न चाहने शेयरधनीले तोकिएको ढाँचामा यस वित्तीय संस्थाको सम्बन्धित समुहका शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा सुरु हुनुभन्दा ७२ घण्टा अगावै यस संस्थाको कर्पोरेट कार्यालय, मध्यपुर थिमी-१, लोकन्थलीमा दर्ता गराई सक्नुपर्नेछ ।

६. एक जना शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा शेयरधनी आफूले अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन पाउनेछ । तर यसो नगरी एक शेयरधनीले एकभन्दा बढी प्रोक्सी नियुक्ति गरिएको रहेछ भने पहिले दर्ता भएको प्रोक्सीले मान्यता पाउनेछ ।

७. प्रोक्सी (प्रतिनिधि) नियुक्ति गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा पहिले दिईएको प्रोक्सी स्वतः बदर हुनेछ ।

८. संगठित संस्था शेयरधनी रहेकोमा प्रबन्धपत्र नियमावलीको अधिनमा रही उक्त संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले सभामा भाग लिन पाउनेछ ।

९. छलफलको विषयसूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले आफूले प्रश्न गर्न चाहेको विषयबारे सभा शुरु हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । तर यसलाई पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

१०. साधारण सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नु परेमा कुल शेयर पूंजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिइएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको प्रस्ताव माथी सभामा छलफल र निर्णय गरिने छैन ।

११. साधारण सभा सम्बन्धी काम कार्वाहि कम्पनी ऐन, २०६३ नियमावली, २०७५ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. साधारणसभामा भाग लिन आउँदा जाँदाको कुनै पनि प्रकारको खर्चको शोधभर्ना वित्तीय संस्थाले उपलब्ध गराउने छैन ।

१३. बुँदा ४ र ५ उल्लेखित दिन सार्वजनिक बिदा परेमा समेत सो प्रयोजनको लागि वित्तीय संस्थाको कर्पोरेट कार्यालय, कार्यालय समयमा खुल्ला रहनेछ ।

१४. अन्य थप जानकारी चाहिएमा यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय मध्यपुर थिमी-१, लोकन्थली भक्तपुरमा तथा फोन नं. ०१-५९२८१६१/५९२८१६२ मा सम्पर्क राख्नुहुन वा वित्तीय संस्थाको वेबसाईटः www.nerudemirmire.com.np बाट जानकारी लिनुहुन अनुरोध छ ।